# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु भरतबहादुर बस्नेत, सुमित भट्ट, गुरुराज संज्यालसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः**

- प्रतिवादीहरु कृषि ज्ञान केन्द्र, कालीकोट (हालः कृषि विकास कार्यालय, कालीकोट) का **तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेत**, खाँडाचक्र नगरपालिका, कालीकोटका **तत्कालीन इन्जिनियर सुमित भट्ट** र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, कालीकोटका **तत्कालीन सब-इन्जिनियर गुरुराज संज्याल**समेतले सम्भाव्यता अध्ययनसमेत नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्तिसमेत नभएको अबस्थामा सो स्थानमा हाइटेक नर्सरी सञ्चालन गर्न उपयुक्त छ भनी सिफारिस समेत गरी लागत अनुमान तयार गर्न आवश्यक पुष्टयाईंका आधारहरु संलग्न नगरी हचुवाको भरमा लागत अनुमान तयार गरी अनुदान ग्रहण गरी नर्सरी सञ्चालन नआएको अबस्थामा सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडबाट जडान भएका मालसामानहरुको अवलोकन तथा परीक्षण नै नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोही प्रतिवेदन समेतका आधारमा रु.६६,५०,०००।- भुक्तानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ) र (ङ) बमोजिमको कसुर गरेको देखिँदा निजहरुलाई जनही रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन एवं उक्त बिगो निजहरुबाट ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन साथै निजहरुले गलत प्रतिवेदन तयार गरी ऐ ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरसमेत गरेकोले निजहरुलाई ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन।
- **प्रतिवादीहरु मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्साल**ले वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तीय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधार अध्ययन र मूल्याङ्कन एवं पेश हुन आएको Estimate र मूल्याङ्कन प्रतिवेदनउपर जाँचबुझ र छानविन नगरी गलत मूल्याङ्कन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशमा पेस गरी निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूर गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन।
- **प्रतिवादीहरु सिमनाथ कृषि विकास सहकारी संस्था, कालीकोटका अध्यक्ष कमल बहादुर शाही र कोषाध्यक्ष सुरेन्द्र बहादुर शाही र सिमनाथ कृषि विकास सहकारी संस्थाले** संस्थागत आर्थिक सक्षमता नभएको अवस्थामा समेत पूर्वाधार नै तयार नभएको योजनाबाट ठूलो संख्यामा रोजगारी दिलाउने गलत आश्वासन सहितको प्रस्ताव तयार गरी तत्कालीन कृषि ज्ञान केन्द्रसँग सम्झौता गरेको, सम्झौता बमोजिम नर्सरी सञ्चालन नगरी अनुदान रकम रु.६६,५०,०००।- भुक्तानी लिई उद्देश्यअनुरुप कार्य नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेकोले निज प्रतिवादीहरुलाई बिगो रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगो रकमसमेत सोही दफा ८ को उपदफा (४) बमोजिम जफत हुन,

मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई बिषेश अदालतबाट मिति २०८०।०९।०२ मा निम्न आधारहरुमा सफाई दिएकोः

- बदनियत पूर्वक रकम हिनामिना गरेको वा मासी खाएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको।

- नर्सरी प्रारम्भ देखिनै संचालनमा नआएको भन्ने देखिएन।प्रतिवादीहरु उपर सम्भाव्यता अध्ययन नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्ति समेत नभएको स्थानमा उच्च प्राविधियुक्त नर्सरी (Hi Tech Nursery) निर्माण, सञ्चालनको लागि उपयुक्त भनी सिफारिस गरी लागत अनुमान तयार गरेको भन्ने पुष्टि भएको देखिएन।
- उच्च प्रविधियुक्त नर्सरी (Hi Tech Nursery) स्थापना, सञ्चालन विस्तार र सदृढीकरण कार्यविधि २०७५ को दफा १० मा उल्लेख भए बमोजिम वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तिय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधारको अध्ययन र मूल्याङ्कनसमेत नगरी गलत मूल्याङ्कन प्रतिवेदन उपर थप जाँचबुझ र छानविन नगरी मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरूले प्रतिवेदन दिएको भन्ने पनि नदेखिएको।

बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०९ मा पुनरावेदन गरिएको छ ।

**<u>देहायः</u>**

- सिमनाथ कृषि सहकारी संस्थासँग उच्च प्रविधि युक्त नर्सरी सञ्चालान गर्न सम्झौता गर्नु अघि सो सहकारीको वित्तिय स्थितिको बारेमा राम्रो अध्ययन नै नगरिएको, उक्त सहकारी संस्थाले सम्झौता हुनु अगाडिको आर्थिक वर्ष २०७४/ ०७५ मा रु. ९५,०८०।- र आ.व. २०७६/०७७ मा ४८,१३६ को कारोबार गरेको र सो संस्थाबाट कुनै कर रकम दाखिला नगरेको।यस्तो वित्तीय अवस्थाको सहकारी संस्थाले रु. ३०,००,०००।- लगानी गर्ने भनी पेश गरेको प्रस्तावलाई स्वीकृत गर्ने मनसायले वित्तीय क्षमता राम्रो छ भनी सिफारिस गरेको, सरकारी कोषबाट रकम खर्च गर्दा उक्त रकमको सदुपयोग हुन सक्ने/नसक्ने बारेमा राम्रो र यथार्थपरक अध्ययन नगरिएबाट बजेट (सरकारी सम्पत्ति) रकम सदुपयोग होस भन्ने सदनियत रहेको देखिएको।यस्तो अवस्थामा प्रतिबादीहरुले बदनियत पूर्वक कार्य नगरेको भनी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिबादीहरुलाई सफाई दिदा पहिले देखिनै नर्सरी सञ्चालनमा रहेकाले सम्भाव्यता अध्ययन नगरिएको भन्न नमिल्ने र विद्युत आपूर्ति समेत नभएको भन्न नमिल्ने भनी सफाई दिएको आधार समेत त्रुटिपूर्ण देखिएको।पहिलेदेखि नर्सरी सञ्चालन हुनु र उच्च प्रविधियुक्त नर्सरी सन्चालन हुनु फरक विषय हो। उच्च प्रविधियुक्त नर्सरीको आवेदन माग गर्दा नै आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूमा सडक, सिंचाई, विजुली लगायतको आवश्यक पूर्वाधार भए सो भएको खुल्ने कागजात पेश गर्ने व्यवस्था सिमनाथ सहकारीले भरेको आवेदनमा विद्युतको उपलब्धताको बारेमा कुनै कुरा उल्लेख भएको देखिदैन, उक्त सहकारी संस्थाका अध्यक्ष कमलबहादुर शाहीको बयानमा विद्युतको वैकल्पिक व्यवस्थाको बारेमा "वैकल्पिक स्रोतको कुनै व्यवस्था नगरिएको, स्थानीय स्तरमा सञ्चालित विद्युतमा मात्र भर परेको" भन्ने निजको बयानबाट देखिएको। नेपाल विद्युत प्राधिकरण कालीकोट वितरण केन्द्रले ४० किलोवाट विद्युतबाट मात्र Hi tech Nursery सञ्चालन गर्न सकिने त्यसको लागि Three Phase meter आवश्यक पर्ने र त्यसको लागि वार्षिक लागत ४०,५३,७२०।—लाग्ने भनी लागत विश्लेषण गरेको। विद्युत जडानका लागि मिति २०७९।०३।१७ सम्म कुनै आवेदन नपरेको भन्ने नेपाल विद्युत प्राधिकरण कालीकोट वितरण केन्द्रको पत्रबाट देखिरहेको अवस्थामा सो प्रमाणको मूल्याङ्कन एवं सम्भाव्यता अध्ययन नै नगरी Hi tech Nursery कार्यक्रममा रकम दिने र लिने दुवै कार्यमा संलग्न प्रतिबादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।
- उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्ने कार्यविधि, २०७५ को दफा १० बमोजिम वास्तविक फिल्ड अध्ययन नगरिएको र उक्त फिल्ड प्रतिवेदनलाई पुनः जाँचबुझ गरिएकाले सिफारिस गर्ने प्रतिबादीहरूले गलत प्रतिवेदन दिएको भन्न नमिल्ने भनी सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको। मातहत निकायले मूल्यांकन गरी पठाएको प्रतिवेदन पुनः मूल्यांकन गर्दा सम्पूर्ण पक्षको अध्ययन, पुनः जाँचबुझ गरी सिफारीस गर्नु पर्नेमा पुनः जाँचबुझ समिति एवं सिफारिस समितिमा बसेर काम गर्ने प्रतिवादीहरुबाट जिम्मेवारी पूर्वक काम नगरेको देखिएको। प्रतिवादीको नियत के कस्तो रहेको थियो भन्ने कुरा प्रतिवादीहरुको भूमिका एवं व्यवहारबाट देखिन्छ भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको। सो सिद्धान्तको आलोकमा हेर्दा प्रतिवादी भरतबहादुर बस्नेत, गुरुराज संज्याल, सुमित भट्ट, समेतले सम्भाव्यता अध्ययन नै नगरी सिमनाथ कृषि सहकारी संस्थाले उच्च प्रविधियुक्त नर्सरी संचालन गर्न सक्षम छ भनी प्रतिवेदन दिएको र प्रतिवादी हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपक भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले उक्त

सिफारिसलाई पुनः जाँचबुझ गरेर मात्र सिफारीस गर्नु पर्नेमा सो नगरी सिफारिस गरेको र प्रतिबादीहरु कमल बहादुर शाही, सुरेन्द्र बहादुर शाहीले सिमनाथ कृषि सहकारी संस्थाले आफूले उच्च प्रविधियुक्त नर्सरी संचालन गर्न सक्ने क्षमता नहुदाँ नहुदैं सरकारी रकम प्राप्त गरी अनुदान प्राप्त उद्देश्य अनुसार कार्य गर्न नसकेबाट निजहरुको मनसाय बदनियत पूर्वक रकम दिलाउने र प्राप्त गर्नु रहेको देखिदाँ देखिदैं सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता

नरहरि घिमिरे

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु भरतबहादुर बस्नेत, कमलबहादुर शाही, सुरेन्द्रबहादुर शाही, गुरुराज संज्याल, सुमित भट्ट, हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्साल, सिमनाथ कृषि विकास सहकारी संस्था | गैरकानूनी लाभ हानि पुऱ्याउने वदनियतले काम गरी भ्रष्टाचार गरेको। | •**आयोगको मागदावी**<br>कृषि ज्ञान केन्द्र, कालीकोट (हालः कृषि विकास कार्यालय, कालीकोट) का तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेत, खाँडाचक्र नगरपालिका, कालीकोटका तत्कालीन ईन्जिनियर सुमित भट्ट र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, कालीकोटका तत्कालीन सब-ईन्जिनियर गुरुराज संज्यालको समेतका प्रतिवादीहरुले सम्भाव्यता अध्ययनसमेत नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्तिसमेत नभएको अबस्थामा सो स्थानमा हाइटेक नर्सरी सञ्चालन गर्न उपयुक्त छ भनी सिफारिश समेत गरी लागत अनुमान तयार गर्न आवश्यक पुष्टयाईंका आधारहरु संलग्न नगरी हचुवाको भरमा लागत अनुमान तयार गरेको र मिशिल संलग्न प्रज्ञापनपत्र समेतबाट हाइटेक नर्सरीको लागि खरिद गरिएका यन्त्र उपकरणहरुको मूल्यसमेत अत्याधिक रुपमा बढाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ विपरीत बदनियतपूर्वक Civil Works मा रु.१२,५५,७३८ । ५५ ( बाह्र लाख पचपन्न हजार सात सय अठतीस रुपैयाँ पचपन्न पैसा) र मालसामान खरिद एवं ढुवानीमा रु. ८७,४४,२६१।४५ (सतासी लाख चौवालिस हजार दुई सय एकसठ्ठी रुपैयाँ पैतालिस पैसा) मूल्य राखी लागत अनुमान तयार गरेको एवं कर्णाली प्रदेश सरकारको अनुदान ग्रहण गरी नर्सरी सञ्चालनमै नआएको अबस्थामा सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडबाट जडान भएका मालसामानहरुको अवलोकन तथा परीक्षण नै नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोही प्रतिवेदन समेतका आधारमा रु.६६,५०,०००।- (छैसठ्ठी लाख पचास हजार रुपैयाँ) भुक्तानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ) र (ङ) बमोजिमको कसूर गरेको देखिँदा निज प्रतिवादीहरु भरतबहादुर बस्नेत, सुमित भट्ट र गुरुराज संज्याललाई बिगो | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•वदनियत पूर्वक रकम हिनामिना गरेको वा मासी खाएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको।<br>•नर्सरी प्रारम्भ देखिनै संचालनमा नआएको भन्ने देखिएन प्रतिवादीहरु उपर सम्भाव्यता अध्ययन नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्ति समेत नभएको स्थानमा उच्च प्राविधियुक्त नर्सरी (Hi Tech Nursery) निर्माण, सञ्चालनको लागि उपयुक्त भनी सिफारिस गरी लागत अनुमान तयार गरेको भन्ने पुष्टि भएको देखिएन।<br>•उच्च प्रविधियुक्त नर्सरी (Hi Tech Nursery) स्थापना, सञ्चालन विस्तार र सदृढीकरण कार्यविधि २०७५ को दफा १० मा उल्लेख भए बमोजिम वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तिय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधारको अध्ययन र मूल्याङ्कन समेत नगरी गलत मूल्याङ्कन प्रतिवेदन उपर थप जाँचबुझ र छानविन नगरी मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरूले प्रतिवेदन दिएको भन्ने पनि नदेखिएको।<br>•**अदालतको फैसला**<br>स्थानीय कृषकहरुको आर्थिक स्थिति उन्नत हुन सक्ने यस्ता आधुनिक एवम् प्रविधीमैत्री परियोजनाहरु स्थापना भई सकेपछि संचालक गर्न पनि सदैव नेपाल सरकारको अनुदानको अपेक्षा गर्नु पनि उपयुक्त हुँदैन । अनुदानग्राही संस्थाले | •प्रतिबादीहरुको नियत कस्तो रहेको थियो भन्ने विषय उक्त कसुरमा कस्तो भूमिका खेलेका थिए सो हेर्नु पर्नेमा हेरी बुझी विवेचना गरी फैसला भएको देखिदैन। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशको मन्त्रीस्तरीय निर्णयबाट मिति २०७५।०८।०५ गते स्वीकृत उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) स्थापना, सञ्चालन, विस्तार र सुदृढीकरण कार्यविधि, २०७५ को मुख्य उद्देश्य Temperature Controlled Environment मा विभिन्न बालीहरु तयार पारी कृषि उत्पादकत्व बढाउने एवं रोजगारी अभिवृद्धि गर्ने रहेको देखियो। कार्यविधिमा भएको Specifications लाई विवेचना गर्दा ,Hi-Tech Nursery सम्भाव्यता अध्ययन गरी मौसम, माटोको उर्वराशक्तिको अवस्था, अनुदान ग्रहण गर्ने संस्थाको Financial Condition, Operating Expenditures बहन गर्न सक्ने क्षमता, विद्युत आपूर्तिको उपलब्धता लगायतका विभिन्न Technical Parameter हरुलाई आधार लिनुपर्ने देखिएको। प्रस्तुत मुद्दामा प्रतिबादी भरतबहादुर बस्नेत कृषि विकास कार्यालय कालीकोट (तत्कालिन कृषि ज्ञान केन्द्रका) प्रमुख रहेका निजले सिमनाथ कृषि सहकारी संस्था सँग उच्च प्रविधि युक्त नर्सरी सञ्चालान गर्न सम्झौता गर्नु अघि सो सहकारीको वित्तिय स्थितिको बारेमा राम्रो अध्ययन नै गरिएको देखिएको छैन। उक्त सहकारी संस्थाले सम्झौता हुनु अगाडिको आर्थिक वर्ष २०७४/ ०७५ मा रू ९५,०८०/- को कारोबार गरेको र आ.व. २०७६/०७७ मा केवल ४८,१३६ को कारोबार गरेको र सो संस्थाबाट कुनै कर रकम दाखिला नगरेको कर चुक्ता कागजबाट देखिएको।यस्तो वित्तिय अवस्थाको सहकारी संस्थाले रू. ३०,००,००० (तीसलाख रूपैया) लगानी गर्ने भनी पेस गरेको प्रस्तावलाई स्वीकृत गर्ने मनसायले वित्तिय क्षमता राम्रो छ भनी सिफारिस गरेको देखिएको। संझौता अनुसार जुन सहकारी सस्थाबाट नर्सरी सञ्चालन गरिने हो, त्यस्तो संस्थाको बारेमा राम्रो अध्ययन नगरेबाट सरकारी कोषबाट रकम खर्च गर्दा उक्त रकमको सदुपयोग हुन सक्ने नसक्ने बारेमा राम्रो र यथार्थपरक अध्ययन नगरिएबाट कर्णाली प्रदेश सरकारबाट प्रदान हुने बजेट (सरकारी सम्पत्ति) रकम सदुपयोग होस भन्ने सदनियत रहेको देखिदैन। यस्तो अवस्थामा प्रतिबादीहरुले बदनियत पूर्वक कार्य नगरेको भनी सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। सो नर्सरी भएको स्थानमा विद्युतको केन्द्रीय प्रसारण नपुगेकोले स्थानीय स्तरमा सञ्चालित विद्युतको भरमा त्यस्तो उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्न सरकारी रकम खर्च गरिएको, स्थानीय स्तरमा उत्पादित विद्युतमा क्षतिपुगेको कारणबाट नर्सरी सञ्चालनमा नआएकोमा विवाद छैन। रु. ३०,००,०००/-(तीसलाख रूपैया) लगानी गर्न सक्छु भनी प्रतिबद्धता जनाई अनुदान प्राप्त गर्ने संस्थाले विद्युत केन्द्रीय प्रशारण लाइनबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिमिटेड<br>मु.नं<br>(०७९-CR-०१११)<br>फैसला मिति<br>२०८०।०९।०२ | | रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन एवं उक्त बिगो रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) निज प्रतिवादीहरु भरतबहादुर बस्नेत, सुमित भट्ट र गुरुराज संज्यालबाट ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। साथै निज प्रतिवादीहरु भरतबहादुर बस्नेत, सुमित भट्ट र गुरुराज संज्यालले सिमनाथ कृषि विकास सहकारी संस्थामा जडान भएका मालसामानहरु परीक्षण नगरी एवं नर्सरी सन्चलानमा नै नआएको अबस्थामा उक्त नर्सरीको कार्य सम्पन्न प्रतिवेदन तयार गरी ऐ ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरसमेत गरेको देखिँदा निजहरु भरतबहादुर बस्नेत, सुमित भट्ट र गुरुराज संज्याललाई ऐ ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदावी लिईएको छ।<br>मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालको हकमा कालीकोट जिल्लाको रास्कोट नगरपालिका वडा नं. ३ मा हाइटेक नर्सरी स्थापना र सञ्चालन गर्न सिमनाथ कृषि विकास सहकारी संस्थाले पेस गरेको प्रस्ताव मूल्याङ्कन गरी प्रतिवेदन दिन गठित मूल्याङ्कन समितिका सदस्यहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले उच्च प्रविधियुक्त नर्सरी (Hi- Tech Nursery) स्थापना, सञ्चालन, विस्तार र सुदृढीकरण कार्यविधि, २०७५ को दफा १० मा उल्लेख भएबमोजिम वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तीय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधार अध्ययन र मूल्याङ्कनसमेत नगरी भरतबहादुर बस्नेतले पेस गरेको गलत Estimate र गलत मूल्याङ्कन प्रतिवेदनउपर थप जाँचबुझ र छानविन नगरी गलत मूल्याङ्कन गरी बदनियतपूर्वक तवरले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशमा पेस गरी निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को | आफैले दीर्घकालसम्म संचालन गर्ने गृहकार्य वा दृष्टिकोण वा कार्य योजना बनाउनु पर्ने हुन्छ । सम्झौता बमोजिम निर्माण भई सकेको उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) संचालन गर्ने दायित्व भएको प्रतिवादी सिमनाथ कृषि विकास सहकारी संस्था लि. ले आफनै श्रोत र साधनबाट आगामी दिनमा उक्त परियोजना संचालन गर्ने छ भन्ने वैद्य अपेक्षा (Legitimate aspection) गर्नु अतिसयोक्ती पनि नहोला। तसर्थ राज्यको अनुदान तथा आफ्नो समेत लगानीमा निर्मित उच्च प्रविधियुक्त नर्सरी संचालन गर्ने दायित्व तर्फ प्रतिवादी सिमनाथ कृषि सहकारी संस्था लि. एवम् सोका पदाधिकारीहरु गंभिर र इमान्दार रहने छन् भन्ने अपेक्षा समेत गरिएको।<br>नर्सरी प्रारम्भ देखिनै संचालनमा नआएको भन्ने देखिएन। तसर्थ प्रतिवादीहरु उपर सम्भाव्यता अध्ययनसमेत नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्तिसमेत नभएको स्थानमा उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) निर्माण तथा सञ्चालन गर्न उपयुक्त छ भन्ने सिफारिस समेत गरी लागत अनुमान तयार गरेको भन्ने आरोप दावी पुष्टि हुन आएन। उक्त उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) मा जडान भएका उपकरणहरु परामर्शदाताको सिफारिस बमोजिम प्रज्ञापन पत्र मार्फत विदेशबाट झिकाएको देखिन आएको र सो उपकरणको मूल्य बढाई उच्च मूल्यमा खरिद गरेको भन्ने आरोप दावी पुष्टि गर्ने सो किसिमको उपकरणहरुको उत्पादन एवम् बजार मूल्यको तुलनात्मक सूची समेत वादीले पेस गर्न सकेको समेत देखिएन। तसर्थ कृषि ज्ञान केन्द्र, कालीकोट (हालः कृषि विकास कार्यालय, कालीकोट) का तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेत, खाँडाचक्र नगरपालिका, कालीकोटका तत्कालीन ईन्जिनियर सुमित भट्ट र खानेपानी, सिंचाई तथा उर्जा विकास | विद्युत आपूर्ति हुँदा समेत उच्च प्रविधियुक्त नर्सरी संचालन गर्न सकेको देखिँदैन। उक्त सहकारीको नर्सरी संचालन गर्न सक्ने क्षमता रहेनछ भन्ने तथ्य फैसला भएका मिति सम्म उच्च प्रविधियुक्त नर्सरी संचालनमा आउन नसकेकाले विशेष अदालतबाट फैसला गर्दा संचालन हुने बैध अपेक्षा गरेको छ भन्ने फैसलामा अभिव्यक्त भएको कथनले नै फैसला सबूद प्रमाणको गलत व्याख्या भएको पुष्टि गरेको छ। तसर्थ सम्भाव्यता थियो भनी प्रतिबादीहरूलाई सफाई दिएको त्रुटिपूर्ण रहेको।<br>•प्रतिबादीहरुलाई सफाइ दिदा पहिले देखिनै नर्सरी सञ्चालनमा रहेकाले सम्भाव्यता अध्ययन नगरिएको भन्न नमिल्ने र विद्युत आपूर्ति समेत नभएको भन्ने नमिल्ने भनी सफाइ दिएको आधार समेत त्रुटिपूर्ण देखिएको।पहिलेदेखि नर्सरी सञ्चालन हुनु र उच्च प्रविधियुक्त नर्सरी सन्चालन हुनु फरक विषय हो।नर्सरी सञ्चालन हुनासाथ उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्ने क्षमता समेत सिमनाथ कृषि सहकारीसँग थियो भन्ने अर्थ गर्न मिल्ने होइन।प्रतिबादीहरुले स्थानीय तहमा उत्पादित विद्युत भएकाले त्यसले सधै भरी नै उच्च प्रविधियुक्त नर्सरीको विद्युत माग पूरा गर्ने सक्छ भन्ने कुराको सुनिश्चितता कसरी गरिएको हो सो स्पष्ट छैन।भरतबहादुर बस्नेतले गरेको मूल्याङ्कन फारम हेर्दा संरचना निर्माणका लागि उपयुक्त सडक सिंचाई, विजुली, आवश्यक जमिनको क्षेत्रफल शीर्षकमा पूर्णाङ्क २० राखिएकोमा अन्य आवेदकहरूलाई कत्ति पनि अंक प्रदान नगरी सिमनाथ कृषि सहकारीलाई २० अंक नै प्रदान गरेको देखिएको।सो नर्सरीलाई अनुदान उपलब्ध गराउने बदनियतले नै अत्यधिक अंक प्रदान गरेको देखिएको।भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशले उच्च प्रविधियुक्त नर्सरीको आवेदन माग गर्दा नै आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूको सूचिको क्रम संख्या ६ मा संरचना निर्माण गरिने जमिनमा सडक, सिंचाई, विजुली लगायतको आवश्यक पूर्वाधार भए सो भएको खुल्ने कागजात भनी उल्लेख भएको देखिएको।सो प्रस्ताव अनुसार आवेदन दिने सिमनाथ सहकारीले भरेको आवेदन हेर्दा आवेदनमा कही पनि पूर्वाधारमा विद्युतको उपलब्धताको बारेमा कुनै कुरा उल्लेख भएको देखिँदैन। त्यस्तै सिमनाथ सहकारी संस्थाका अध्यक्ष कमलबहादुर शाहीले अनुसन्धानको क्रममा बयान गर्दा विद्युतको वैकल्पिक व्यवस्थाको बारेमा वैकल्पिक स्रोतको कुनै व्यवस्था नगरिएको, स्थानीय स्तरमा सञ्चालित विद्युतमा मात्र भर परेको भन्ने निजको बयानबाट देखिएको। विशेष अदालतको फैसला हेर्दा प्रतिबादीले नर्सरी संचालन गर्नेछ भन्ने वैध अपेक्षा उक्त फैसलाको प्रकरण नं ९९ मा गरेको देखिएको।अदालतले उक्त अपेक्षा गरेको विषयलाई समेत उपलब्ध प्रमाणले समर्थन गरेको देखिँदैन।प्रतिवादीले बयानमा १ किलोवाटबाट सञ्चालन गर्न सकिने भनी ततिम्बा बयानको सवाल जवाफको ८ नंमा उल्लेख गरेका छन्।नेपाल विद्युत प्राधिकारण कालीकोट वितरण केन्द्रले ४० किलोवाट विद्युतबाट मात्र Hi |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (२) बमोजिमको गलत प्रतिवेदन दिने कसूर गरेको हुँदा निज प्रतिवादीहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्साललाई सोही ऐनको सोही दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन मागदावी लिइएको।<br>सिमनाथ कृषि विकास सहकारी संस्था, कालीकोटका अध्यक्ष कमल बहादुर शाही र कोषाध्यक्ष सुरेन्द्र बहादुर शाही र सिमनाथ कृषि विकास सहकारी संस्थाको हकमा विद्युत नै नभएको ठाउँमा ४० किलोवाट विद्युत चाहिने आयोजनाको लागि अनुदान माग गरेको, सहकारी संस्थाबाट रु ३०,००,०००।- (तीस लाख रुपैयाँ) लगानी गर्ने छौं भनी प्रस्ताव गर्ने सहकारी संस्थाको अनुदान प्राप्त गर्नु भन्दा अगाडि र पछाडिको वार्षिक कारोबार एक लाख रुपैयाँ भन्दा पनि कम रहेको एवं संस्थागत आर्थिक सक्षमता नभएको अवस्थामा समेत पूर्वाधार नै तयार नभएको योजनाबाट ठूलो संख्यामा रोजगारी दिलाउने गलत आश्वासन सहितको प्रस्ताव तयार गरी तत्कालीन कृषि ज्ञान केन्द्रसँग सम्झौता गरेको, सम्झौता बमोजिम नर्सरी सञ्चालन नगरेको, आवेदन दिने समयमा कबुल गरेको बाली उत्पादन तथा रोजगारीसमेत सिर्जना नगरी जालसाजीपूर्ण तवरले अनुदानको रकम भुक्तानी लिई उद्देश्य अनुरुपको कार्य नगरी प्रदेश सरकार, कृषि ज्ञान केन्द्रसँग गरेको कबुलियत शर्त एवं सम्झौता विपरीत कर्णाली प्रदेश सरकारको अनुदान रकम रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) भुक्तानी लिई उद्देश्यअनुरुप कार्य नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.६६,५०,०००।- (छैसट्ठी लाख पचास हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८को उपदफा (४) बमोजिमको सजाय गरी उल्लेखित बिगो रकम निज प्रतिवादीहरुबाट सोही दफा ८ को उपदफा (४) बमोजिम जफत समेत गरी पाउँ भन्ने आरोप दावी रहेको। | कार्यालय, कालीकोटका तत्कालीन सब-ईन्जिनियर गुरुराज संज्याल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ र दफा १९ (१) बमोजिमको कसूर कायम गरी दफा ८ को उपदफा (२) र दफा १९ को उपदफा (२) बमोजिम सजाय गरी पाउँ भन्ने आरोप दावी पुग्न सक्ने देखिएन । त्यस्तै गरी उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) स्थापना, सञ्चालन, विस्तार र सुदृढीकरण कार्यविधि, २०७५ को दफा १० मा उल्लेख भएबमोजिम वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तीय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधार अध्ययन र मूल्याङ्कनसमेत नगरी भरतबहादुर बस्नेतले पेस गरेको गलत Estimate र गलत मूल्याङ्कन प्रतिवेदनउपर थप जाँचबुझ र छानविन नगरी गलत मूल्याङ्कन गरी बदनियतपूर्वक तवरले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशमा पेस गरी मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको गलत प्रतिवेदन दिने कसूर गरेको भन्ने समेत देखिएन।<br>उक्त परियोजनामा लगानी भई सकेको देखिन आएको हुँदा प्रतिवादी सिमनाथ कृषि विकास सहकारी लि. को लगानी क्षमता नै नरहेको भन्ने आरोप दावी पुष्टि हुन आएन । जहाँसम्म प्रतिवादीहरु सिमनाथ कृषि विकास सहकारी संस्था, कालीकोटका अध्यक्ष कमल बहादुर शाही, कोषाध्यक्ष सुरेन्द्र बहादुर शाही र सिमनाथ कृषि विकास सहकारी संस्था समेतले उक्त उच्च प्रविधियुक्त नर्सरी (Hi-Tech Nursery) नर्सरी संचालन नगरेको भन्ने आरोपदावी छ सो नर्सरीमा उपकरणहरु जडान भई सकेको र विद्युत जडान | tech Nursery सञ्चालन गर्न सकिने त्यसको लागि Three Phase meter आवश्यक पर्ने र त्यसको लागि वार्षिक लागत ४०,५३,७२०।—लाग्ने भनी लागत विश्लेषण गरेको देखिएको।सिमनाथ कृषि सहकारीबाट केन्द्रीय विद्युत प्रसारण लाईन पुगे पछि विद्युतका लागि मिति २०७७।०३।१७ गते नेपाल विद्युत प्राधिकरणमा निवेदन दिएको, २०७८ साल श्रावण देखि ग्रीड संचालनमा आएपछि विद्युत जडानका लागि मिति २०७९।०३।१७ सम्म कुनै आवेदन नपरेको भन्ने नेपाल विद्युत प्राधिकरण कालीकोट वितरण केन्द्रको च.नं. ३१६ को पत्रबाट देखिरहेको अवस्थामा सो प्रमाणको मूल्याङ्कन नगरी सफाइ दिएको फैसला मिलेको छैन। विद्युतको सुनिश्चिता नभएको स्थानमा स्थानीय स्तरमा सञ्चालित विद्युतको भरमा त्यस्तो उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्न सरकारी रकम खर्च गरिएको, स्थानीय स्तरमा उत्पादित विद्युतमा क्षतिपुगेको कारणबाट नर्सरी सञ्चालनमा नआएकोमा विवाद छैन। तसर्थ सम्भाव्यता अध्ययन नै नगरी Hi tech Nursery कार्यक्रममा रकम दिने र लिने दुवै कार्यमा संलग्न प्रतिबादीहरूलाई सफाई दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ।<br>• उच्च प्रविधियुक्त नर्सरी सन्चालन गर्ने कार्यविधि, २०७५ को दफा १० बमोजिम वास्तविक फिल्ड अध्ययन नगरिएको र उक्त फिल्ड प्रतिवेदनलाई पुनः जाँचबुझ गरिएकाले सिफारिस गर्ने प्रतिबादीहरूले गलत प्रतिवेदन दिएको भन्न नमिल्ने भनी सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको छ। प्रस्तुत मुद्दामा प्रतिबादीहरु हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपक भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले फिल्डनै अध्ययन नगरी वित्तिय सक्षमता अध्यन नगरी भरतबहादुर बस्नेतले पेश गरेको गलत इस्टिमेटमा गलत तरिकाले मूल्यांकन गरी प्रतिवेदन एवं सिफारिस गरेको देखिएको। प्रतिवादी भरतबहादुर बस्नेतले पेश गरेको प्रतिवेदन उपर थप जाँच वुझ नगरेको अवस्था विद्यमान हुँदा हुँदै पुनः जाँचबुझ, मूल्याङ्कन र सिफारिस समितिमा बस्ने प्रतिवादीहरुलाई सफाइ दिएको फैसला मिलेको देखिदैन। मातहत निकायले मूल्यांकन गरी पठाएको प्रतिवेदन पुनः मूल्यांकन गर्दा सम्पूर्ण पक्षको अध्ययन, पुनः जाँचबुझ गरी सिफारीस गर्नु पर्नेमा पुनः जाँचबुझ समिति एवं सिफारिस समितिमा बसेर काम गर्ने प्रतिवादीहरुबाट जिम्मेवारी पूर्वक काम गरेको देखिदैन। प्रतिवादीको नियत के कस्तो रहेको थियो भन्ने कुरा प्रतिवादीहरुको भूमिका एवं व्यवहारबाट देखिएको भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ।" भनी सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालत बुलेटिन वर्ष १८ अंक १५ मंसीर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९ मा सिद्धान्त प्रतिपादन भइसकेको छ। सो सिद्धान्तको आलोकमा हेर्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरी उक्त सहकरीको तर्फबाट संचालन गर्न सक्ने नै हुँदा निजहरु उपरको अभियोग दावी समेत पुग्न सक्ने समेत देखिएन ।<br>विवेचित आधार र कारण एवम् मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरुले आरोपपत्र बमोजिमको कसूर गरेको पुष्टि हुन नआएकोले निज प्रतिवादीहरु भरतबहादुर बस्नेत, कमल बहादुर शाही, सुरेन्द्र बहादुर शाही, गुरुराज संज्याल, सुमित भट्ट, हरी प्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देबकोटा, अनुप तिवारी, पूर्ण बहादुर थापा, होमनाथ लम्साल र सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने व्यहोराको फैसला रहेको। | प्रतिवादी भरतबहादुर बस्नेत, गुरुराज संज्याल, सुमित भट्ट, समेतले सम्भाव्यता अध्ययन नै नगरी सिमनाथ कृषि सहकारी संस्थाले उच्च प्रविधियुक्त नर्सरी संचालन गर्न सक्षम छ भनी प्रतिवेदन दिएको र प्रतिवादी हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपक भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले उक्त सिफारिसलाई पुनः जाँचबुझ गरेर मात्र सिफारीस गर्नु पर्नेमा सो नगरी सिफारिस गरेको र प्रतिबादीहरु कमल बहादुर शाही, सुरेन्द्र बहादुर शाहीले सिमनाथ कृषि सहकारी संस्थाले आफूले उच्च प्रविधियुक्त नर्सरी संचालन गर्न सक्ने क्षमता नहुदाँ नहुदैं सरकारी रकम प्राप्त गरी अनुदान प्राप्त उद्देश्य अनुसार कार्य गर्न नसकेबाट निजहरुको मनसाय बदनियत पूर्वक रकम दिलाउने र प्राप्त गर्नु रहेको देखिदाँ देखिदैं सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको। |